राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :०७९/०८०
चलानी नं. :

Website:www.rainasmun.gov.np

**सेवा करारमा पदपुर्ती गर्ने सम्वन्धि सुचना।**

(प्रथम पटक प्रकाशित २०७९।०४।२९)

राइनास नगरपालिकाको लागि देहायको पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट करारमा पदपुर्ती गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र मागबमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित नगरपालिका कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सुचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | विज्ञापन नं. | पद | तह | आवश्यक सङ्ख्या | आवेदन दस्तुर(रु.) |
|---|---|---|---|---|---|
| १. | ०१/०७९/०८० | रोजगार संयोजक | अधिकृतस्तर छैठौं | १ जना | १०००।- |
| २. | ०२/०७९/०८० | सब.इन्जिनियर | स. पाँचौ | २ जना | ५००।- |
| ३. | ०३/०७९/०८० | अमिन | स. चौथो | १ जना | ५००।- |
| ४. | ०४/०७९/०८० | हलुका सवारी चालक | प्रथम स्तर | २ जना | ५००।- |

१.आवश्यक न्युनतम योग्यता:

क)रोजगार संयोजक

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।
- दरखास्त दिने अन्तीम मितिमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।
- आधारभुत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

ख)सब-इन्जिनियर

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविधिक १०+२ उत्तीर्ण गरेको वा सिभिल इन्जिनियरिङमा डिप्लोमा/प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको,
- दरखास्त दिने अन्तीम मितिमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको,
- आधारभुत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,
- संघीय सरकार एवं प्रदेश सरकार, स्थानीय तह र संगठित संस्थाको पुर्वाधार निर्माण आयोजनाको लागत अनुमान, सुपरिवेक्षण, गुणस्तर परीक्षण,कार्य सम्पादन मुल्याङ्कन, नाँपजाँच, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदन बनाउने सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको,
- कुनै प्रचलित कानुनबाट अयोग्य नठहरिएको।

ग)अमिन

- मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन कोर्ष पुरा गरेको/सर्भे वा जियोम्याट्रिक इन्जिनियरिङमा डिप्लोमा गरेको,
- दरखास्त दिने अन्तीम मितिमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको,
- न्युनतम ६ महिनाको अनुभव भएको।
- कुनै पनि प्रचलित कानुनबाट अयोग्य नठहरिएको।

गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## राइनास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या ०७९/०८०
चलानी नं. :

Website:www.rainasmun.gov.np

घ)हलुका सवारी चालक

- आधारभुत तह(कक्षा-८) उत्तीर्ण भएको,
- हलुका सवारी चालक अनुमतीपत्र भएको कम्तीमा १ बर्षको अनुभव भएको,
- दरखास्त दिने अन्तीम मितिमा कम्तीमा १८ बर्ष पुरा भएको,
- कुनै पनि प्रचलित कानुनबाट अयोग्य नठहरिएको।

२. दरखास्त दिने स्थान: राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय, तीनपिप्ले लमजुङ।

३. दरखास्त दिने अन्तिम मिति:२०७९।०५।१२ गते ५:०० बजे सम्म।

४. आवेदन दस्तुर: माथि उल्लेख भए बमोजिम।

५. छनोटको किसिम: प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु: आवेदक स्वयंले प्रमाणित गरेको देहायबमोजिमको कागजातको प्रतिलिपीहरु

- नागरिकता
- न्यूनतम पदको लब्धाङ्कपत्र
- चारित्रिक प्रमाणपत्र
- काम संग सम्बन्धित अनुभवपत्र भए सो को कागजात
- कम्प्यूटर सिप तालिम प्रमाणपत्र(हलुका सवारी चालकको हकमा लागु नहुने)
- २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा तथा अन्य: स्थानीय तहमा प्राविधिक वा विविध सेवाको कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्ड २०७९, बमोजिम हुनेछ।

८. सम्बन्धित विषयको कार्यविवरण, पाठ्यक्रम लगायत पदपुर्ती सम्बन्धी जानकारी यस कार्यालयको वेबसाइट www.rainasmun.gov.np बाट उपलब्ध हुनेछ।

४/२१

गोकर्ण राज सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

गोकर्ण राज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत